बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि तथा पशुपन्छी विकास कार्यालय

मन्थली, रामेछाप

कृषि यन्त्र/औजार/उपकरण आपूर्ति गर्ने प्रयोजनको लागि पूनः शिलबन्दी दरभाऊ प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना नं. ०८/०८३/०८४

दोस्रो पटक प्रकाशित मितिः- २०८३/०७/१३ गते

कृषि तथा पशुपन्छी विकास कार्यालय, रामेछापको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरु संचालनार्थ कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौंडाबाट स्वीकृत कार्यविधि बमोजिम सम्झौता हुने कृषक समूह/सहकारी/फर्महरुलाई उनीहरुको माग एवं औचित्यको आधारमा स्वीकृत बजेटको परिधिभित्र रही तपसिल बमोजिमका कृषि यन्त्र/औजार लगायतका उपकरणहरु अनुदानमा उपलब्ध गराउने प्रयोजनको लागि न्यूनतम योग्यता पुगेका आधिकारिक उत्पादक/विक्रेता/फर्महरुलाई यस कार्यालयको मिति २०८३/०६/०७ गतेको सूचना बमोजिम माग गरिएको शिलबन्दी दरभाऊ प्रास्तावहरुको कागजात परीक्षण तथा रुजु गर्दा रितपूर्वक पेश गर्ने न्यूनतम शिलबन्दी दरभाऊ प्रस्तावकको संख्या नपुगेको हुँदा मिति २०८३/०७/१२ गतेको निर्णयले सोही प्रयोजनको लागि न्यूनतम योग्यता पुगेका आधिकारिक उत्पादक/विक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३/७/१९ गते) कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजातहरु सहित प्रति इकाई शिलबन्दी दरभाऊ प्रस्ताव पेश गर्नुहुन यो सूचना पुनः प्रकाशन गरिएको छ। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुनेछैन। कृषि यन्त्र/औजार/उपकरणहरुको स्वीकृत प्राविधिक स्पेसिफिकेशन सहितको शिलबन्दी दरभाउ प्रस्ताव फारम यस कार्यालय वा कार्यालयको वेबसाइट https://adoramechhap.bagamati.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

आपूर्ति गर्नुपर्ने कृषि यन्त्र/औजार/उपकरणहरुः

S.N.	Particulars	S.N.	Particulars
1	Diesel Mini Tiller Small Power Category	8	Multicrop Thresher
2	Diesel Mini Tiller Medium Power Category	9	Power Sprayer
3	Diesel Mini Tiller High Category	10	Manual Jab Planter for Maize
4	Petrol Mini Tiller Medium Power Category	11	Disc Mill
5	Electric Combine Mill	12	Chaff Cutter

प्रनोद प्रसाद दाहाल
कार्यालय प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३

ईमेलः adoramechhap@gmail.com , वेवसाईटः adoramechhap.bagamati.gov.np

बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, बन तथा वातावरण मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि तथा पशुपन्छी विकास कार्यालय

मन्थली, रामेछाप

6	Two in One Electrical Sprayer	13	Single tube Corn Sheller
7	Brush Cutter		

आवश्यक कागजातहरु एवं शर्तहरुः

१) फर्म/संस्था/कम्पनी दर्ता तथा नवीकरणको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT/PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) कम्पनीको हकमा कम्पनी रजिष्ट्रार कार्यालयबाट गरिने कम्पनी अध्यावधिक भएको पत्र,

३) आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण,

४) संस्थाले कुनै सजाय नपाएको वा संस्था कालो सूचीमा नपरेको स्वः घोषणापत्र,

५) सामाग्रीहरुको उत्पादक कम्पनीको आधिकारिक विक्रेता वा Authorized Agent/ डिलरशिप रहेको प्रमाणपत्र,

६) शिलबन्दी दरभाउ प्रस्ताव फारममा आपूर्ति गरिने कृषि/यन्त्र/औजार/उपकरणहरुको प्राविधिक स्पेसिफिकेशन खुलाई प्रति इकाई दररेट नेपाली रुपैयाँ अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। शिलबन्दी दरभाउ प्रस्ताव फारम पूर्णरुपमा भरी प्रमाणित गरेको हुनुपर्नेछ,

७) आपूर्तिकर्ताले आपूर्ति गर्न खोजेको कृषि यन्त्र/औजार/उपकरणहरुको प्रस्तावित मोडल र ब्राण्डहरुको आधिकारिक टेस्ट रिपोर्टको प्रमाणित प्रतिलिपि,

८) आपूर्ति गर्न सकिने कृषि यन्त्र/औजार/उपकरणहरुको स्पेसिफिकेशन, ब्राण्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने क्याटलग, लिफलेट वा ब्रोसर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ,

९) आपूर्तिकर्ताहरुले कृषकहरुलाई बिक्री वितरण गर्ने कृषि औजार/उपकरणहरु सम्बन्धित प्राविधिकले चेकजाँच गरी स्वीकृत प्राविधिक स्पेसिफिकेशन अनुसार नै रहेको प्रमाणित गरी कृषकहरुलाई बिक्री वितरण गर्ने र सोको एकमुष्ठ प्रतिवेदन यस कार्यालयलाई उपलब्ध गराउने प्रतिबद्धता पत्र।

प्रनोद प्रसाद दाहाल
कार्यालय प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com , वेबसाईटः adoramechhap.bagamati.gov.np